STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २७२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक ४ गते बिहीबार ❑ 21 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## तत्काल उद्धार, राहत तथा पुनःस्थापनमा लाग्नुहोस् : प्रधानमन्त्री

## बाढी, पहिरामा परी ७७ को मृत्यु

**रासस**
**काठमाडौं, ३ कार्तिक**

प्रधानमन्त्री शेरबहादुर देउवाले बाढी, पहिरो र डुबानबाट हराइरहेकाको उद्धार, प्रभावितलाई राहत तथा घरबारविहीनको पुनःस्थापनामा लाग्न निर्देशन दिनुभएको छ।

सङ्घीय मन्त्री, विभिन्न प्रदेशका मुख्यमन्त्री, नेपाल सरकारका सचिव, सुरक्षा अधिकारी सहभागी आजको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को आठौं बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले विपद् व्यवस्थापनमा बजेटको अभाव हुन नदिन अर्थ मन्त्रालयलाई समेत निर्देशन दिनुभएको हो । प्रधानमन्त्री देउवा उक्त परिषद्का अध्यक्षसमेत हुनुहुन्छ । बैठकमा अर्थ मन्त्रालयबाट बजेट व्यवस्थापनमा कुनै कमी हुन नदिने प्रतिबद्धता आएको छ । पैसा रकमान्तर गरेरै भए पनि राहत, उद्धार तथा पुनःस्थापनामा परिचालन गरिने जनाइएको छ।

परिषद् बैठकले हराइरहेकाको खोजी गरी उद्धार, राहत तथा पुनःस्थापना कार्यक्रमलाई तीव्रता दिने निर्णय पनि गरेको परिषद्का सदस्यसचिव तथा विपद् व्यवस्थापन प्राधिकरणका प्रमुख अनिल पोखरेलले जानकारी दिनुभयो । "पछिल्लो तीन दिनमा अकल्पनीय दुर्घटना भएका छन् र यसका कारण विपद् भोग्नुपरेको छ, त्यो विपद्को सामना गर्न, तत्काल उद्धार राहत र पुनःस्थापनका लागि तुरुन्तै फिल्डमा जान प्रधानमन्त्रीको निर्देशन छ, सम्माननीय प्रधानमन्त्री आफैँ पनि जाने जानकारी दिनुभएको छ", सदस्यसचिव पोखरेलले भन्नुभयो, "समूह बनाएर भोलिबाटै परिचालन हुनेछौँ।"

राजमार्ग, विद्युत्, टेलिफोन सेवा सञ्चालन गर्न तत्कालै कार्य अघि बढाउने निर्णय पनि बैठकले गरेको छ। त्यसका लागि छुट्टै कोषको व्यवस्थापन गरी पुनःस्थापन र पुनःनिर्माण अघि बढाइनेछ । उहाँका अनुसार धेरै धानबालीसमेत नष्ट भएकाले प्रारम्भिक क्षतिको आकलन गरी किसानलाई राहत दिने निर्णय पनि गरिएको छ। क्षतिको विवरण सङ्कलन गरेपछि मात्रै राहत कति दिने भन्ने निर्णय गरिने उहाँले जानकारी दिनुभयो । विवरण सङ्कलनको जिम्मा कृषि मन्त्रालयलाई दिइएको छ। सेनाको हेलिकोप्टर मात्रै पर्याप्त नभएकाले निजी क्षेत्रबाट समेत हेलिकोप्टर प्रयोग गर्ने निर्णय पनि भएको बैठकपछि पत्रकारसँगको कुराकानीमा सदस्यसचिव पोखरेलले जानकारी दिनुभयो। विस्थापितहरुलाई अहिले पनि सार्वजनिक स्थान, स्कुलमा व्यवस्थापन गरिएको छ । त्यहाँ खाने सामलको अभाव रहेकाले आपूर्ति मन्त्रालयमार्फत व्यवस्थापन गर्ने निर्णय पनि भएको छ। अस्थायी सेल्टर निर्माणका लागि तत्काल रु ५० हजार दिने विगतको कार्यविधिअनुसार काम अघि बढाइएको छ । विभिन्न १५ जिल्लामा राजमार्ग अवरुद्ध भएकाले खोल्ने काम सुरु भएको जनाइएको छ । जलवायु परिवर्तनका कारण यस्ता विपद्का घटना भएकाले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## वडादेखि पुम्दीकोटसम्मको सडक स्तरोन्नती गर्छौं: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ कार्तिक**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले गण्डकी प्रदेशको गौरवको योजना अर्न्तगत पर्ने पुम्दीकोटको बिशाल महादेवको मुर्तिसम्म जाने सडक हाल निकै जिर्ण भएकोले उक्त सडक स्तरोउन्नती गर्ने बताउनु भएको छ।

पोखरा २२ (पुम्दी–भुम्दी) को वडा कार्यालय देखि बिशाल महादेवको मुर्ति स्थलसम्म जाने बाटो तत्काल मर्मत संहार गर्न चौतर्फी दबाब आएकोले उक्त सडक स्तरोन्नती गर्न बिषेश पहल गर्ने मन्त्री बरालले बताउनु भएको हो।

पोखरा २२ को पुम्दीकोट टोल विकास संस्था र ढलेपिपल टोल विकास संस्थाले बुधबार संयुक्त रुपमा आयोजना गरेको नेपालीहरुको महान चार्ड पर्वको अवसरमा शुभकामना आदान प्रदान तथा बधाई तथा सम्मान कार्यक्क्रममा बोल्दै मन्त्रीले उक्त कुरा बताउनु भएको हो । गण्डकी प्रदेशको राजधानी पोखरामा रहेको विशाल महादेवको मुर्ति प्रदेशको गौरवको योजनामा रहेकोले हाल पुम्दीकोट क्षेत्रमा दैनिक २/३ हजार पर्यटक



जान थालेकोले सडकको अबस्था निकै जिर्ण भएकोले गर्दा प्रदेश सरकारले उक्त सडक स्तरोउन्नती गर्ने मन्त्री बरालले आश्वासन दिनु भएको हो। पुम्दीकोटमा आउ जाउ गर्न हाल धेरै आन्तरिक पर्यटकले गुनासो गरे पछि मन्त्री बरालले आफ्नो क्षेत्र मात्र नभई स्वदेश तथा विदेशबाट समेत पर्यटकहरु आउने भएकोले गर्दा उक्त क्षेत्रको सडक पूर्वाधारमा ध्यान केन्द्रित गर्नुपर्ने बाध्ययता भएकाले गर्दा पनि सडक स्तरोउन्नतीलाई पहिलो प्रथामिकता दिने जनाउनु भएको हो। सिद्धार्थ राजमार्गमा पर्ने तिलाहार देखि वडा कार्यालयसम्म पिच भएकोले बाँकी कच्ची सडक पिच गराउने योजना रहेको उहाँले बताउनु भयो। मन्त्री बरालको पहलमा छोरेपाटन देखि शान्ति स्तुपाः सम्म हाल पिच सडक निर्माण भएको छ भने शान्ति स्तुपा हुदै लुकुश्वाँरा, कालाबाङ घरेडी, काब्रे, उल्लेरी ढाडा हुदै कुभिण्डेसम्म सडक निर्माण गर्ने आफ्नो लक्ष्य रहेको उहाँले बताउदै आउनु भएको छ । छोरेपाटन देखि फुर्सेखोला हुदै कुभिण्डेसम्म पनि उत्तिकै महत्व रहेकोले विकासको प्रमुख आवश्यकताको आधारमा प्रथामिकता दिदै जाने योजना रहेको मन्त्री बरालले जनाउनु भयो । विगतका दिनको स्मरण गर्दै केही भावुक हुदै मन्त्री बरालले हाल आफु प्रदेशको अर्थ मन्त्री भन्दा पनि विगतका साथे भाई र आफ्न्तहरुसंग भेटभाट भएको बताउनु भयो । पार्टी, स्थानिय, घर परिवार सहितको सवैको साथ र सहयोगले गर्दा आज गाउँको सामान्य परिवारको किसानको छोरा मन्त्री हुदा स्थानियले केही विकास निर्माणका माग राख्नु स्वभाविक भएको बताउदै मन्त्री बरालले आफ्नो ल्याकतले भ्याएसम्म सवै क्षेत्रमा सन्तुलित ढंगले विकास गर्न चाहेको उल्लेख गर्नु भयो । पुम्दीकोट क्षेत्रका अधिकांश डाँडा स्थानियले समय र परिस्थितीले अन्य व्यक्तिहरुलाई बिक्रि गरेकोले उक्त जग्गामा हाल विकास निर्माणसंगै पर्यटन गतिविधि भन्दा पनि बैंकीङ कारोवार गर्ने थलोको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अवसरवादको खेती गर्ने कम्युनिष्ट हुन सक्दैनन् : महासचिव पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ कार्तिक**

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव तथा पूर्वउपप्रधानमन्त्री ईश्वर पोखरेलले अवसरवादको खेती गर्ने शक्तिहरू सच्चा कम्युनिष्ट हुन नसक्ने बताउनुभएको छ।

नेकपा एमाले कास्कीद्वारा बुधबार पोखरामा आयोजित दसैं, तिहार, छठलगायत चाडपर्वका अवसरमा आयोजित शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रममा उहाँले सच्चा कम्युनिष्टले आफ्नो पार्टीको सरकारलाई हटाएर विरोधी पार्टीको नेतालाई प्रधानमन्त्री बनाउन नसक्ने बताउनुभयो । उहाँले पार्टीलाई थप क्रियाशील तथा सङ्गठित बनाउँदै अघि बढिने



बताउनुभयो।

जनताको समर्थन हुँदाहुँदै नेकपा एमाले नेतृत्वको सरकारलाई अपदस्थ गर्ने काम भएको बताउँदै उहाँले मुलुकको आर्थिक विकास र समृद्धिको मुद्दालाई जहाँ भए पनि नछोड्ने विश्वास व्यक्त गर्नुभयो। नेकपा एमाले केन्द्रीय सचिव एवम् गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले पार्टीको विधान अधिवेशनले पार्टी सङ्गठनलाई थप मजबुत र आगामी कार्य नीति निर्दिष्ट गरेको बताउँदै देशव्यापीरूपमा सङ्गठन सुदृढीकरण अभियानमा अघि बढ्नुपर्नेमा जोड दिनुभयो। पार्टी केन्द्रीय सदस्य एवम् पूर्वगृहमन्त्री खगराज अधिकारीले एमालेलाई थप सङ्गठित बनाएर आगामी निर्वाचनमा राज्यको नेतृत्व गर्न सक्ने गरी अघि बढाउनुपर्ने बताउनुभयो । पार्टी पोलिटब्यूरो सदस्य एवम् पूर्वमन्त्री जगत विश्वकर्माले विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि सङ्गठित भएर अघि बढ्न सङ्कल्प लिनुपर्नेमा जोड दिनुभयो।

नेकपा एमाले कास्कीका अध्यक्ष कृष्ण थापा र सचिव दामोदर बैरागीले नेकपा एमालेको नेतृत्वको सरकारले गरेका जनपक्षीय कामलाई निरन्तरता दिनका लागि आगामी सङ्घ, प्रदेश र स्थानीय निर्वाचनमा पार्टीलाई विजयी गराउनेतर्फ कार्यकर्ता सङ्गठित भएर लाग्नुपर्नेमा जोड दिनुभयो।

## कांग्रेसलाई गुटउपगुटमुक्त पार्टी बनाइन्छ : रामचन्द्र पौडेल

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३ कार्तिक**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्रपौडेलले१४औंमहाधिवेशनपछि नेपाली कांग्रेसमा गुटउपगुटको अन्त्य भएर जाने विश्वास व्यक्त गर्नुभयो । उहाँले गुटउपगुटले कांग्रेस कमजोर भएर जाने भन्दै यसको अन्त्य गरी पार्टी एकजुट भएर अगाडि बढ्ने बताउनुभयो।

बागलुङस्थित नेपाली कांग्रेस काठेखोला गाउँपालिका-५ बिहुँले आउँदै गरेको शुभदिपावलीलगायत चाडपर्वका अवसरमा आज आयोजित शुभकामना आदानप्रदान तथा कार्यकर्ता भेटघाट कार्यक्रममा नेता पौडेलले कांग्रेसलाई अब गुटको हिसाबले नभएर सिङ्गो कांग्रेसको हिसाबले हेर्न आम कार्यकर्तालाई आग्रह गर्नुभयो।

"हामी १४औं महाधिवेशनमा छौं, अहिले शेरबहादुर देउवा पक्ष, रामचन्द्र पक्ष भनिए पनि यो गुट हैन", पौडेलले भन्नुभयो, "महाधिवेशनपछि कांग्रेस झनै सशक्त भएर अगाडि बढ्छ, कांग्रेस अब व्यक्ति हैन पार्टी हो, कसैले शेरबहादुर र रामचन्द्र भनेर ट्याग लगाउन जरुरी छैन ।" उहाँले मुलुकको संविधानको खेलबाड संविधानको पालकबाटै हुने गरेको भन्दै यस्तो कार्यले कसैलाई फाइदा नगर्ने बताउनुभयो । पौडेलले एकलौटी ढङ्गले सत्ता सञ्चालन गर्न खोज्दा संविधानको मर्मभन्दा बाहिर गएर मुलुकमा अधिनायकतन्त्र ल्याउन खोजेकोसमेत आरोप लगाउनुभएको थियो।

## पोउवा संघद्धारा कास्कीका सिडिओको स्वागत

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ कार्तिक**

कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले उद्यममा लागेको निजी क्षेत्रलाई सहजीकरण गर्न कास्की प्रशासन सदैव तयार रहने बताएका छन्।

पोखरा उद्योग वाणिज्य संघले बुधबार आयोजना गरेको स्वागत तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले खुल्ला अर्थ व्यवस्थामा निजी,सार्वजनिक र नागरिक समाज एक-अर्काको परिपूरक भएको बताए। 'अन्तर्राष्ट्रिय व्यापारबारेको विद्यार्थी) तथा प्रशासकको रुपमा पनि म निजी क्षेत्रप्रति जवाफदेही हुन्छु', उनले भने,'यहाँहरु (निजी क्षेत्र) अघि लाग्ने हो, हामीले सहजीकरण गरिदिने हो । निजी क्षेत्रलाई प्राथमिकताका साथै प्रोत्साहन गरेकै कारण दक्षिण कोरियाले ४० वर्षमै अर्थतन्त्र माथि उकासेको प्रसंग निकाल्दै उनले व्यवसायमा



लाभका क्षेत्र पहिचान एव आफूसँग भएको स्रोतको परिचालनमा विशेष ध्याद दिनुपर्ने धारणा व्यक्त गरे।

कोभिड मत्थर भएपनि कास्कीमा संक्रमणको दर २३ प्रतिशत रहेको एवं ८ सयको हाराहारीमा सक्रिय संक्रमित रहेको तथ्य पेश गर्दै उनले स्वास्थ्य सुरक्षाको पालना गर्न नागरिकहरुसँग आग्रह पनि गरे। निषेधाज्ञा समस्याको समाधान नभएकोमा आफू सहमत भएको बताउँदै उनले भने,'संक्रमण बढ्न थाल्यो भने जनताको सुरक्षाको लागि अप्रिय निर्णय गर्न हामी बाध्य हुन्छौं । कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष दामु अधिकारीले कोभिडले व्यापार/व्यवसायमा पारेको असर न्यूनीकरणतर्फ प्रशासनले सहजीकरण गर्नुपर्ने धारणा राखे।

कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले कोभिडकालीन समयमा स्थानीय प्रशासनसँग संघले सहकार्य गरेको स्मरण गर्दै आउँदा दिनमा पनि त्यो सहकार्य कायम रहने बताए। पोखरा उद्योग वाणिज्य संघले सामाजिक उत्तरदायित्वअन्तर्गत सम्पादन गरेका कामहरुको जानकारी दिँदै उनले भने,'निजी क्षेत्र सामाजिक उत्तरदायित्व बहन गर्न सदैव तयार छ, हामीलाई सहजीकरणको खाँचो छ।' पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष पवनकुमार प्रजापतिको धन्यवाद ज्ञापन रहेको कार्यक्रमको संचालन संघका महासचिव सुरेन्द्रमान विजुक्छेले गरेका थिए। पोखरा उद्योग वाणिज्य संघले बैक तथा वित्तीय संस्थाहरुले एकाएक निक्षेपमा ब्याज दर बढाएकोमा आपत्ति जनाउँदै त्यसले समग्र अर्थव्यवस्थामै असर पार्ने ठहर गरेको छ। संघले निक्षेपमा ब्याज बढाउँदा कर्जामा पनि ब्याज बढ्ने र त्यसले मूल्यबृद्धि पनि बढाउने हुँदा सो निर्णय फिर्ता गर्न माग गरेको छ। संघका महासचिव सुरेन्द्रमान विजुक्छेद्धारा जारी विज्ञप्तिमा ब्याजदर बढाउने निर्णय फिर्ता नभए निजी क्षेत्रबाट असहयोग र विरोध गरिने पनि उल्लेख गरिएको छ।




# नेशनल गण्डकी म्युजिक अवार्डको तयारी पुरा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ कार्तिक**

कार्तिक ५ गते शुक्रबार पोखरामा हुने 'नेशनल गण्डकी म्युजिक अवार्ड-२०७८' को तयारी पुरा भएको छ।

पुष्पाञ्जली स्टुडियो प्रालिको आयोजनामा हुने यो अवार्ड वितरण कार्यक्रममा ३१ विधामा अवार्ड वितरण गरिनेछ। जसको लागि उत्कृष्ट ५ मनोनयन यस अगाडि नै सार्वजनिक गरिएको थियो।

उत्कृष्ट ५ मा पर्न सफल प्रतिभालाई ५० प्रतिशत जुरीको निर्णय र ५० प्रतिशत दर्शक श्रोताले गरेको भोटको आधारमा अवार्ड विजेता घोषणा गरिने आयोजकले जनाए। अवार्ड कार्यक्रमको जुरी निर्णायकमा सुमन श्रापित, बमबहादुर कार्की र रेशम रचक रहनुभएको छ। नेशनल गण्डकी म्युजिक अवार्ड-२०७८ मा वितरण गरिने लाइफटाइम एचिभमेन्ट अवार्ड नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ तथा लोकसंगीत विभाग प्रमुख वरिष्ठ गायिका हरिदेवी कोइरालालाई प्रदान गरिने भएको आयोजक पुष्पाञ्जली स्टुडियो प्रालिका प्रबन्ध निर्देशक कृष्णप्रसाद गौतमले जानकारी दिनुभयो। कार्यक्रममा जेष्ठ कलाकार सम्मान र रगं पत्रकार सम्मान कार्यक्रम समेत गरिने उहाँको भनाई छ।

यो वर्ष पहिलो अबार्ड भएको हुँदा केही बर्ष अगाडिका गीत समेतले नोमिनेशसन फाराम भर्न सक्ने व्यवस्था गरिएको भएपनि अर्को वर्षबाट भने एक वर्ष भित्रका गीतले मात्र सहभागीता जनाउन पाउने गरेर अवार्ड वितरण गरिने प्रबन्ध निर्देशक गौतमले बताउनुभयो। 'नेपाली कला संस्कृतीको क्षेत्रमा क्रियाशिल प्रतिभालाई थप उर्जाशिल बनाउन अवार्ड कार्यक्रमको आयोजना गरिएका हो' गौतमले सुनाउनुभयो।

यसपाली चलचित्र विधालाई समेट्न नसकेपनि अर्को वर्ष थप्दै जाने गौतमले बताउनुभयो। '१५ दिनको समय राखेर विभिन्न विधामा आवेदन गर्न लगाएका थियौ, अवार्ड कार्यक्रमले पोखराको गरिमा बढ्छ, अर्को वर्षबाट विधा थप्दै लैजान्छौ' गौतमले भन्नुभयो। जुरी निर्णायक संयोजक सुमन श्रापितले वास्तविक प्रतिभालाई अवार्ड प्राप्त गर्नेगरी आफूहरुले कार्य गर्ने बताउनुभयो। 'कोरोनाले थलिएको विषम परिस्थितीमा पनि अवार्ड कार्यक्रम गर्ने आट गर्नु सुन्दर पक्ष हो, यस्ले कलाकारलाई उर्जा थप्नेछ' श्रापितले भन्नुभयो।

अवार्ड वितरण कार्यक्रम आगामी कार्तिक ५ गते दिउँसो २ बजे पोखरा उद्योग वाणिज्य संघको हलमा गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको प्रमुख आतिथ्यतामा हुने तय भएको आयोजकले जनाए।

# पोखरामा नाटक निर्देशन कार्यशाला हुँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ कार्तिक**

पोखरामा नाटक निर्देशन कार्यशाला हुने भएको छ। गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा हुने यो कार्यशालामा गण्डकी प्रदेशका ११ जिल्लाबाट २५ जनाको हाराहारीको सहभागिता रहने गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठले जानकारी दिनुभयो। कार्तिक ५ गते शुक्रबारबाट सुरु हुने कार्यशाला १० दिनसम्म चल्नेछ। कार्यशालाको लागि पोखरा थिएटरले सहकार्य गर्नेछ।

पोखरा थिएटरको गन्धर्व नाटकघरमा हुने कार्यशालामा रंगक्षेत्र, निर्देशन क्षेत्र सहितका विविध क्षेत्रमा स्थापित बनिसक्नुभएका प्रशिक्षकहरुले सहजिकरण गर्ने गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का विखर्चीले बताउनुभयो। स्थापनाको छोटो समयमानै गण्डकी प्रज्ञा प्रतिष्ठानले केही महत्वपूर्ण कार्यक्रम गरिसकेको उहाँको दावी छ। 'नाटकले मनोरञ्जन मात्र दिदैन, सन्देश पनि दिन्छ, यसको बेग्लै महत्व भएकोले गण्डकी प्रदेशका ११ जिल्लाका सहभागीलाई तालिम दिन लागिएको हो' कुलपति विखर्चीले भन्नुभयो। प्रशिक्षार्थीले तालिममा सिकेका सिपलाई आफ्नो जिल्लामा गएर प्रयोग गर्न थालेपछि नाट्य गतिविधि बढ्ने उहाँको विश्वास छ। 'तालिममा




सिकेका सिपहरु प्रशिक्षार्थीहरुले आफ्नो जिल्लामा गएर प्रयोग गर्नुहुनेछ जसका कारण गण्डकी प्रदेशको नाट्य क्षेत्रलाई क्रियाशिल बनाउन सहयोग गर्नेछ भन्ने हाम्रो विश्वास हो' उहाँले थप्नुभयो। गण्डकी प्रदेशमा नाटक प्रतिको आर्कषण बढाउन कार्यशाला आयोजना गरिएको प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठको भनाई छ। 'नाटक प्रतिको आर्कषण बढाउनको निम्ती कार्यशालाको आयोजना गरेका हौं' उहाँले भन्नुभयो। प्रदेशका सबै जिल्लामा नाटक निर्देशन गर्न सक्ने व्यक्तिको उत्पादन गर्नु आफूहरुको उद्धेश्य रहेको उहाँले सुनाउनुभयो। 'प्रदेशका सबै जिल्लामा नाटक निर्देशन गर्न सक्ने व्यक्ति उत्पादन गरेर उहाँकै माध्यमबाट सो जिल्लामा नाट्य गतिविधि हुने वातावरण निर्माण गर्नेछौ' श्रेष्ठले बताउनुभयो। नाट्य क्षेत्रको लागि थप कार्यक्रम आयोजना गर्ने तयारीमा समेत आफूहरु रहेको उहाँले खुलाउनुभयो। नाटक निर्देशन कार्यशालाको लागि सहकार्य गरिएको संस्था पोखरा थिएटरका अध्यक्ष परिवर्तनले गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजना हुन लागेको कार्यक्रममा सहकार्य गर्न पाएकोमा खुशी व्यक्त गर्नुभयो। 'गण्डकी प्रज्ञा प्रतिष्ठानसँग सहकार्य गर्न पाएकोमा खुशी छौं, नाटक निर्देशन कार्यशालाले गण्डकी प्रदेशको नाट्य क्षेत्रमा सकारात्मक उर्जा थप्नेछ' परिवर्तनले भन्नुभयो। हरेक जिल्लाबाट नाटकमा क्रियाशिल बनेका व्यक्तिहरुलाई कार्यशालामा सहभागी गराउन लागिएको उहाँको भनाई छ। 'यो कार्यशालाले एउटा जग निर्माण गर्नेछ, रंगकर्मीलाई सक्रिय र संगठित बनाउन कार्यशालाले सघाउनेछ' परिवर्तनले थप्नुभयो।

गण्डकी प्रज्ञा प्रतिष्ठानले साहित्यका सबै विधालाई एकसाथ अगाडि बढाउन खोजेको जनाएको छ।

# सामुदायिक विद्यालयलाई अभिभावक प्रोत्साहन स्वरुप स्टेशनरी प्रदान गरिने

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ कार्तिक**

पोखरा महानगरपालिका वडा नं. ५ वडा शिक्षा समितिको बैठक समितिका अध्यक्ष धन बहादुर नेपालीको अध्यक्षतामा सम्पन्न भएको छ।

बैठकले पोखरा ५ भुगोल भित्र रहेका सामुदायिक एवं निजी संस्थागत विद्यालयको शैक्षिक सत्र २०७७ को प्रगति विवरण २०७८ कार्तिक १५ गतेभित्र पेश गर्न निर्देशन गर्ने निर्णय गरेको छ।

यो वर्षदेखि २ वटा सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीका अभिभावक मध्ये विद्यालयमा पुगेर हाम्रो छोराछोरीको पढाई के कस्तो छ ? भनेर जिज्ञासा राख्ने अभिभावकका १०।१० छात्रछात्रालाई उपस्थितिका आधारमा धेरै पटक विद्यालय पुग्ने परिवारलाई ४० हजार बराबरको २।२ हजारका दरले वार्षिक प्रोत्साहन पुरस्कार स्वरुप स्टेशनरी वितरण गर्ने निर्णय गरेको छ। यस निर्णयबाट विद्यार्थीका अभिभावकलाई प्रत्यक्ष विद्यालयसँग गाढा सम्बन्ध जोड्ने र विद्यार्थीलाई पढाईमा प्रोत्साहन मिल्ने विश्वास लिइएको छ।

यसैगरी अभिभावक नभएका, अपाङ्ग, उत्पीडित समुदाय, आर्थिक स्तर कमजोर भएका परिवारका ९ जना बालबच्चाहरुलाई विद्यालय भर्ना, ड्रेस एवं स्टेशनरी वितरण गरेको र त्यस्ता विद्यार्थीलाई निरन्तर सहयोग गर्ने निर्णय समेत गरेको छ।

## तत्काल...

अन्तर्राष्ट्रिय फोरममा यस विषयलाई जोडदार आवाज उठाउनुपर्ने कुरामा बैठकमा छलफल भएको थियो। विगत केही दिनदेखि परेको वर्षाका कारण आएको बाढी, पहिरो र डुबानमा परी बुधबार साँझसम्म ७७ जनाले ज्यान गुमाएका छन्। आज मात्रै ५० भन्दा बढीको मृत्यु भएको जनाइएको छ। गृहमन्त्रालयका अनुसार अहिलेसम्म २७ जना बेपत्ता छन्। कूल २२ जना घाइते छन् भने २७ घर पूर्ण क्षति भएको छ। प्राप्त विवरणअनुसार सबैभन्दा बढी पाँचथरमा पहिरामा परेर २४ को मृत्यु भएको छ। त्यसपछि इलाममा १३ र डोटीमा १२ जनाको मृत्यु भएको छ। मन्त्रालयका विपद् व्यवस्थापन महाशाखा प्रमुख हुमकला पाण्डेका अनुसार कालिकोटमा एक, बैतडीमा चार, डडेलधुरामा एक, बझाङमा दुई, हुम्लामा छ, सोलुखुम्बु र प्यूठानमा एक/एक, धनकुटामा सात, मोरङमा एक, सुनसरीमा दुई र उदयपुरमा दुई जनाको मृत्यु भएको छ। उहाँका अनुसार बाढी/पहिरामा परेर बझाङमा सबैभन्दा बढी २१ जना हराइरहेका छन्। यस्तै जुम्लामा एक, प्यूठानमा दुई र इलाममा तीन जना बेपत्ता रहेका छन्। गएको असोज ३१ गते वर्षा हुने प्रणाली सक्रिय भई नेपालमा विभिन्न क्षेत्रमा भारी वर्षा भएको थियो।

सरकारले बाढी पहिराबाट मृत्यु हुनेका परिवारलाई रु दुई लाख दिने निर्णय गरेको छ। एकै परिवारका दुई जनाको निधन भएमा भने रु तीन लाख दिइनेछ। आवास गुमाउने पाँच जनासम्मको परिवारलाई तत्काल रु १५ हजार दिइने र सोभन्दा बढी सदस्य भएका परिवारलाई रु २० हजार दिइने र घाइतेको निःशुल्क उपचार गर्ने सरकारले निर्णय गरेको छ।

# बिशाल महादेवको मुर्ति अवलोकन गर्न पर्यटकको भिड्

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ कार्तिक**

पोखरा २२ पूम्दी भुम्दीको पुम्दीकोटमा निमार्णाधिन अबस्थामा रहेको बिशाल महादेवको मुर्तिको अवलोकन गर्न यति वेला पर्यटकको भिड् नै लाग्न थालेको छ।

नेपालीहरुको महान चार्ड दशैं पर्वको अवसरमा आन्तरिक पर्यटकहरुको यति वेला पुम्दीकोटमा बिशाल महादेवको मुर्ति अवलोकन गर्न भिड नै भएको बिशाल महादेव मुर्ती निर्माण समितिका अध्यक्ष चन्द्रकान्त बरालले बताए। सार्वजनिक विदा र दशैं पर्वको अवसरमा हिजोआज दैनिक जसो करिब ३ हजार भन्दा बढी पर्यटकहरु पुम्दीकोटमा बिशाल महादेवको मुर्ति अवलोकन गर्न पुग्ने गरेको पुम्दीकोट कोट विकास समितिका अध्यक्ष समेत रहेका संयोजक बरालले दाबी गरे। उनले भने "हामीले निर्माण गर्न लागेको विशाल महादेवको



मुर्ति मात्र हाल जडान गरेका छौं त्यही मुर्ति अवलोकन गर्न हाल हजारौं पर्यटक जान थालेका छन, पुम्दीकोट जाने हाल बाटोको अबस्था कठिन भएकोले गर्दा सधै जसो पाहुनाको भनाई सुन्नु पर्छ।"

सिंहआसनमा बसेको ५१ फिट अग्लो बिशाल महादेवको मुर्ति जडान भएसंगै त्यहाँ पुगेर सामाजिक सञ्जालमा फेसवुकमा, टिकटक बनाउन समेत युवाहरुको बढी भिडभाड हुने गरेको अध्यक्ष बरालले जनाए। प्रायः गरी पोखरा र पोखरा आसपासका पर्यटकहरुको पुम्दीकोटमा आगमन सुरु भएको छ भने फाट्यफुट्य रुपमा नेपालका विभिन्न जिल्ला हुदै भारतिय पर्यटकहरु समेत पुम्दीकोट पुग्न थालेका छन्। ४० करोडको उक्त योजनामा हालसम्म करिब २० करोड रुपैया खर्च भएको अध्यक्ष बरालले बताए। ग्रिनरी पार्क, पार्किङ, तार वार, रेलिङ, स्मृति पार्क लगायतका भौतिक संरचना निर्माण हुने भएको छ। पुम्दीकोटबाट माछापुच्छ्रे, अन्नपूर्ण लगायतका हिमश्रृखला देखिनुका साथै उक्त स्थानबाट पोखराको बजार फेवाताल लगायतको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ। पछिल्लो समयमा पुम्दीकोटको बिशाल महादेवको मुर्ति परिसरमा पुगेर टिकटक बनाउनेहरुको छुट्टै भिड भएको छ।

# हिसान गण्डकीको अधिवेशन कात्तिक ६ गते हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ कार्तिक**

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ(हिसान)गण्डकी प्रदेशको पहिलो अधिवेशन कात्तिक ६ गते शनिबार पोखरामा हुने भएको छ।

संघीयताको कार्यान्वयनसँगै प्रादेशिक सम्मेलन गरेर गण्डकी प्रदेशस्तरीय हिसान गठन गर्न लागिएको हिसानका केन्द्रीय सल्लाहकार रमाकान्त बरालले जानकारी दिनुभयो। यसअघि हिसानको केन्द्र र जिल्लास्तरीय संरचना रहेको थियो। प्रादेशिक सम्मेलनका लागि केन्द्रीय उपाध्यक्ष शेरबहादुर गुरुङको अध्यक्षतामा केन्द्रीय सल्लाहकार सूर्यबहादुर जिसी र रमाकान्त बराल,केन्द्रीय सदस्य कृष्णबहादुर केसी र चन्दा थापा रहेको पाँच सदस्सीय समिति गठन गरिएको छ। निजी लगानीमा सञ्चालित विद्यालय तथा क्याम्पसहरुको छाता संगठन हिसान गण्डकी समिति गठन गर्न प्रदेशका ११ जिल्लाका प्रतिनिधिहरु पोखरा आउने हिसान कास्कीका अध्यक्ष यम रोकाले जानकारी दिनुभयो।

अधिवेशनको सम्पूर्ण तयारी पूरा भएको र सबै जिल्लाको प्रतिनिधित्व रहने बताइन्छ। पोखरा-१७ स्थित होटल ग्राण्डमा हुने सम्मेलनको गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र पोखरेल नेपालीले उद्घाटन गर्ने कार्यक्रम रहेको हिसानले जनाएको छ।

## वडादेखि...

रुपमा मात्र प्रयोग हुने गरेको मन्त्री बरालले दाबी गर्नु भयो।

काग्रेंस नेता एवं शिक्षासेवी खेमराज पौडेलले चुनौती सामना गरेर पार्टी प्रति बफादार भई पार्टीको विचारमा अडिक रहदै निरन्तर लागेका कारण आज आफ्नै गाँउलेलाई मन्त्रीको रुपमा स्वागत तथा सम्मान गर्न पाउदा निकै खुसि लागेको बताउनु भयो। मन्त्रीको पहलमा पुम्दीकोट टावर स्थापनाले पुम्दीकोट बिशाल महादेव मुर्ति स्थापना गर्नुको जस मन्त्रीलाई नै जाने उहाँको भनाई थियो। पोखरा २२ का वडा सचिव रामप्रसाद पौडेलले पुम्दी भुम्दीलाई अब पर्यटनको क्षेत्रको रुपमा घोषणा गर्नुपर्ने बताउनु भयो। ढलेपिपल टोल विकास संस्थाका अध्यक्ष नवराज बरालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा माओबादी केन्द्र पोखरा २२ वडा कमिटिका अध्यक्ष चण्डकीका प्रसाद बराल, पुम्दीकोट युवा क्लवका सहसचिव पवन बि.क., पुम्दीकोट टोल विकास संस्थाका अध्यक्ष नरहरी बराल, सचिव राजु बराल लगायतले वोलेका थिए। मन्त्री सहित उहाँकी आमा धनरुपा बराल र धर्मपत्नी सिता बराललाई समेत कार्यक्रममा फुल माला लगायर सम्मान गरिएको थियो। स्थानिय आमा समुह, क्लव, टोल विकास संस्थाका प्रतिनिधि र स्थानियले मन्त्री बराललाई आफ्नो गाउँमा अर्थ मन्त्री पाउदा निकै गौरव लागेको भन्दै खादा तथा माला लगायर भव्य स्वागत तथा सम्मान गरेका थिए।


**चाडपर्वको बेला सवारी साधनमा भिडभाड नगरौं, मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं।**

*दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

### सुक्तिसुधा

केवल कर्महीन नै यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# बाढी पहिरोबाट सरकार र जनता सबै सचेत हुन आवश्यक

नेपालीको महान चाड बडा दशैं समापन हुन नपाउँदै अनपेक्षित ढंगले शुरु भएको वर्षाका कारण आएको बाढी पहिरोमा परी अहिलेसम्म बुधबारसम्म ७७ जनाले ज्यान गुमाएका छन् । एकैदिन ५० भन्दा बढीको मृत्यु भएको गृहमन्त्रालयले जनाएको छ । अहिलेसम्म २७ जना बेपत्ता छन् । कूल २२ जना घाइते छन् भने २७ घर पूर्ण क्षति भएको छ । प्राप्त विवरणअनुसार सबैभन्दा बढी पाँचथरमा पहिरोमा परेर २४ को मृत्यु भएको छ । त्यसपछि इलाममा १३ र डोटीमा १२ जनाको मृत्यु भएको छ । बाढी/पहिरामा परेर बझाङमा सबैभन्दा बढी २१ जना हराइरहेका छन् । यस्तै जुम्लामा एक, प्यूठानमा दुई र इलाममा तीन जना बेपत्ता रहेका छन् । गएको असोज ३१ गते वर्षा हुने प्रणाली सक्रिय भई नेपालमा विभिन्न क्षेत्रमा भारी वर्षा भएको थियो । सरकारले बाढी पहिरोबाट मृत्यु हुनेका परिवारलाई रु दुई लाख दिने निर्णय गरेको छ भने एकै परिवारका दुई जनाको निधन भएमा भने रु तीन लाख दिने निर्णय गरेको छ । आवास गुमाउने पाँच जनासम्मको परिवारलाई तत्काल १५ हजार दिइने र सोभन्दा बढी सदस्य भएका परिवारलाई २० हजार दिइने र घाइतेको निःशुल्क उपचार गर्ने सरकारले निर्णय गरेको छ ।

बाढी र पहिरोबाट देशका १९ जिल्ला प्रभावित भएका छन् । पूर्वको काँकरभिट्टादेखि पश्चिमको महेन्द्रनगरसम्म पहाडदेखि तराईसम्म बाढी र पहिरोले जनतालाई त्रसित बनाएको छ । असोजको अन्त्य र कार्तिक शुरुमा आएको यस्तो प्रकृतिको बाढी १२ वर्षपछिको ठूलो वर्षाको रुपमा मौषमविदहरुले लिएका छन् । जलवायु परिवर्तनको प्रभावका कारण मौषम परिवर्तनले उग्र रुप लिएको अनुमान पनि गरिएको छ । तर, मानववस्ती व्यवस्थापनमा शुरुदेखिनै ध्यान दिन सकेको भए अहिले हुने गरेको क्षतिभन्दा कम क्षति हुने थियो । खास गरी राज्यले जमिनको वर्गिकरण र वर्गिकरण अनुसारको व्यवस्थापन गर्न नसक्दा यस प्रकारका प्रकोपको सामना गर्नु परेको हो । अहिलेसम्मका सरकारले वस्तीयोग्य जमिन, जल, जंगल, सडक, पर्यटकीय गन्तव्य, खेतीयोग्य जमिनको क्षेत्र निर्धारण र त्यही अनुसारको व्यवस्थापन गर्न नसक्दा धनजनको क्षति बढ्न थालेको छ । मानवजातिले जंगली क्षेत्र अतिक्रमण गर्दा जंगली जनावरले आक्रमण गर्ने जनधनको क्षति पुऱ्याउने गरेको छ भने नदी उकास क्षेत्रहरु, साना पैनी तथा खोला थुनेर बस्ती बनाएर बसोबास गरेकोले बाढीले घर डुवान र बगाउने गरेको छ । त्यसैगरी, पहाडी क्षेत्रमा अव्यवस्थित अतिक्रमणले गर्दा पहिरोले धनजनको ठूलो क्षति गरेको हो ।

यसरी हेर्दा सरकारी गैर जिम्मेबारीपनले गर्दा ठूलो धनजनको क्षति भएको छभने अर्कोतर्फ नागरिकले पनि जिम्मेवारी बहन गर्न नसक्दा पनि जनधनको क्षति हुन पुगेको हो । सरकारले बेलाबेलामा दिने सार्वजनिक सूचनाहरुलाई जनताले वेवास्ता गर्दा क्षति व्यहोर्नु परेको छ । सोमबार बिहानैदेखि अस्वभाविक रुपमा देशैभर मनसुन सक्रिय हुँदा परेको पानीका कारण धानबालीमा ठूलो क्षति पुऱ्याएको छ । एक साता अघिनै मौसम पूर्वनुमान महाशाखाले सूचना जारी गरेपनि किसानले सूचना प्रति चसो नराख्दा क्षति वेहुर्नु परेको छ । सरकारले दिएको पूर्व सूचनालाई किसानले ध्यान दिएको भए किसानलाई राहत हुने थियो । मौसम विभागले मनसुनको पूर्वसूचना दिँदै आए पनि सूचना प्रति किसानले चासो नदेखाएको कारण यस्ता घटनाहरुको सामना गर्नु परेको टीठ लाग्दो अवस्था रहेको छ । बाढी, पहिरो र जंगली जनावरको आक्रमणबाट बच्न र धनजनको क्षति कम गर्न सरकार र जनता दुबै तर्फबाट सचेतना अप्नाउन जरुरी छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : शत्रुको भय | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : मन चञ्चल | मकर | : झमेला बढ्ने |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# हिमालपारिको जिल्ला मुस्ताङमा बढ्यो चहलपहल

–वासुदेव पौडेल/नीरज थकाली

गण्डकी, ३ कार्तिक

कोरोना कहरका कारण दुई वर्षयता सुनसान जस्तै बनेको हिमालपारिको जिल्ला मुस्ताङमा दसैंलगत्तै आन्तरिक पर्यटकको चहलपहल देखिएको छ ।

लामो समयसम्म कोरोनाले घरभित्रै थुनिएर बस्न बाध्य सर्वसाधारण यतिखेर भ्रमणका लागि मुस्ताङ पुगेका छन् । दसैंको टीकालगत्तै पछिल्ला दिनमा मुस्ताङमा पर्यटकको आगमन बढिरहेको थासाङ गाउँपालिका-४ घाँसास्थित होटेल वर्ल्ड मुस्ताङका सञ्चालक विक्रम गौचनले जानकारी दिनुभयो । देशका विभिन्न स्थानबाट आएका पर्यटकहरू पोखराबाट स्थल मार्ग हुँदै कुस्मा बेनी हुँदै मुस्ताङसम्म आउने गरेको उहाँले जानकारी दिनुभयो । कोरोना जोखिम कायमै रहेका कारण घाँसामा स्वदेशीका लागि दुवै मात्रा लगाइएको खोपको कार्ड वा पिसिआर रिपोर्ट वा एन्टिजेन परीक्षण रिपोर्टमध्ये एक र विदेशी पर्यटकको हकमा पिसिआर रिपोर्ट अनिवार्य गरिएको छ । पछिल्ला समयमा नेपालीमा पनि घुमफिर संस्कृतिको विकास हुँदै गएका कारण आन्तरिक पर्यटकहरू घुमफिरमा निस्कने गरेका छन् । मुस्ताङ आउने अधिकांश पर्यटक यहाँको भूबनोटको दृश्यावलोकनसँगै हिन्दू र बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल मुक्तिनाथ दर्शन गर्ने गर्दछन् । मुस्ताङ आएकामध्ये कतिपय मुक्तिनाथको दर्शन गरेर मात्रै फर्कन्छन् भने कतिपय उपल्लो मुस्ताङ लोमन्थाङ पुगी नेपाल र चीनबीचको कोरोना नाकासम्म पुगेर फर्कन्छन् ।

पछिल्लो समय मुस्ताङका विभिन्न स्थानमा सुविधासम्पन्न होटेल निर्माण हुँदै गएका कारण पनि यस क्षेत्रमा पर्यटकको आकर्षण बढ्दै गएको छ । विगतमा मुक्तिनाथ दर्शनका लागि जाने दर्शनार्थीले होटेल नहुँदा खानेकुराका साथै ओढ्ने ओच्छ्याउने सामग्री आफैँ लिएर जानुपर्ने बाध्यता पछिल्ला पुस्ताका लागि एकादेशको कथा जस्तै बनेको छ । पछिल्ला वर्षमा यहाँ बनेका सुविधासम्पन्न होटेलमा पोखरा, काठमाडौँमा जस्तै सबै किसिमका सेवासुविधा उपलब्ध हुने गरेको होटेल ग्रान्ड साम्बाला मुक्तिनाथका सञ्चालक सुरज गुरुङले जानकारी दिनुभयो । दसैंको दिनपछि देखिएको आन्तरिक पर्यटकको चहलपहलले आफूहरूलाई उत्साहित बनाएको उहाँले बताउनुभयो । तीन वर्षअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मुक्तिनाथको भ्रमण गरेपछि भारतीय पर्यटकको आगमन ह्वात्तै बढेकामा कोरोना कहरका कारण दुई वर्षयता खासै भारतीय पर्यटक मुक्तिनाथ पुग्न सकेका छैनन् । कोरोनाको कहर साम्य भएसँगै आगामी दिनमा भारतीय पर्यटकको आगमन पूर्ववत् रूपमा नै बढ्ने विश्वास लिइएको पर्यटन व्यवसायीहरूले बताए । मुस्ताङमा पर्यटकको आगमन बढे पनि केही दिनयता परेको पानीका कारण यहाँ जाने मार्गअन्तर्गत काभ्रे डाँडा, रुप्से लगायतका स्थानमा बाटो बिग्रँदा यात्रुहरूले समस्या भोग्नुपरेको छ । यात्रुको सहजताका लागि बिग्रेभत्केका बाटोमा सवारी साधन नरोकियोस् भन्ने उद्देश्यका साथ स्थानीयवासी एवम् राज्यका सरोकारवाला निकायको पहलमा रोकिएका बाटो खुलाउने र सवार ीसाधन सञ्चालनमा ल्याउने पहल पनि भइरहेको छ । पछिल्ला वर्षमा सडकको पहुँच र यातायातको सुविधा वृद्धि हुँदै गएसँगै मुक्तिनाथमा धार्मिक पर्यटकको आगमन बढिरहेको यहाँका व्यवसायीको तर्क छ । होटेलमा पूर्वाधारको विकासका साथै बेनी-जोमसोम-मुक्तिनाथ सडक क्रमशः व्यवस्थित बन्दै जान थालेका कारण पनि नेपाली र भारतीय तीर्थालुको आवागमन बढेको मुक्तिनाथ मन्दिरका पुजारी कृष्णप्रसाद सुवेदीले जानकारी दिनुभयो । कोरोनाको कहरले दर्शनार्थीको आगमन प्रत्यक्ष प्रभावित भए पनि मन्दिर खुलेसँगै यस वर्ष सोह्र श्राद्धको समयदेखि नै फाट्टफुट्ट धार्मिक पर्यटकको आगमन बढेको र दुर्गा पक्ष सुरु भएपछि दिनानुदिन दर्शनार्थीको चहलपहल बढ्दै गएको उहाँले बताउनुभयो । मुक्तिनाथलाई हिन्दू तथा बौद्ध धर्मावलम्बीको आस्थाको सङ्गमस्थल मानिन्छ । मुक्तिनाथलाई भगवान् विष्णुले तपस्या गरेको पुण्यभूमिका रूपमा लिइन्छ । तपस्याका क्रममा भगवान्को शरीरबाट आएको पसिनाबाट पानीको मूल फुटेको र सोही पानीको १०८ धारा यहाँ रहेको किंवदन्ती छ । यहाँका १०८ धारामा स्नान र मुक्तिनाथको दर्शन गर्नाले पुण्य मिल्ने धार्मिक विश्वासका कारण पनि देशका विभिन्न स्थानबाट दर्शनार्थी आउने गरेका छन् । दसैंयता जोमसोम, मुक्तिनाथ हुँदै उपल्लो मुस्ताङ लोमन्थाङसम्म आउने पर्यटकको सङ्ख्या दिनानुदिन बढिरहेको मेस्टिक होटेल लोमन्थाङका सञ्चालक राम गुरुङले जानकारी दिनुभयो ।

# चौरासी पूजामा लेखनाथ पत्रकार मञ्चलाई सहयोग

पोखरापत्र संवाददाता

पोखरा, ३ कार्तिक

पोखरा महानगरपालिका वडा नं. ३० निवासी लालमोहन कंडेल तथा श्रीमती राधिका कंडेलको परिवारले लेखनाथ पत्रकार मञ्चलाई सहयोग गरेका छन् । बुधबार कंडेलको चौर ासी पुजाको अवसर पारेर मञ्चलाई रु. पाँच हजार पाँच सहयोग गरिएको हो । लेखनाथ पत्रकार मञ्चले पत्रकारिताका क्षेत्रमा गर्दै आएका गतिबिधिलाई थप टेवा पुऱ्याउने उद्धेश्यले उक्त सहयोग गरिएको कंडेलका छोरा हेमन्त कंडेलले बताए । कंडेलका भाई लक्ष्मी प्रसाद कंडेल, छोरीहरु मैया, शोभा, मिना, बुहारीहरु गंगा, भावना नाति सयल, अभिशेक लगाएत परिवारका सदस्यहरु इस्टमित्र गुरुजन तथा निम्तालुहरुको उपस्थितिमा सहयोग लेखनाथ पत्रकार मञ्चका उपाध्यक्ष सुमन जिसी लाई हस्तान्तरण गरिएको थियो । सहयोग ग्रहण गर्दै मञ्चका उपाध्यक्ष जिसीले सहयोगको सहि सदुपयोग गरिने बताउदै शित उभाएर घैला भर्ने लक्ष्यका साथ अगाडि बढाईएको मञ्चको अक्षयकोषमा उक्त सहयोग रकम रहने जानकारी दिए । दाताहरुलाई मञ्चका सचिव विष्णुहरि पौडेलले धन्यवाद ज्ञापन गरेका थिए । भने सदस्य कृष्ण प्रसाद लामिछानेले दाताहरुको उत्तरोत्तर प्रगतिको कामना गर्दै स्वस्ति वाचन गरेका थिए ।

# बेँसीसहर-चामे सडक पुनः अवरुद्ध: स्याउ किसान चिन्तित

–नवीन लामिछाने

मनाङ, ३ कार्तिक (रासस)

मनसुन बाहिरिएपछि केही दिनदेखि देशैभर भारी वर्षा भएको छ । वर्षाका कारण करिब चार महिना लगाएर सञ्चालन भएको बेँसीसहर-चामे सडक खण्ड पुनः अवरुद्ध भएको छ । बेमौसमी वर्षापछि आएको बाढीपहिराले हिमाली जिल्ला मनाङको एक मात्र सडक सञ्जाल अवरुद्ध भएको छ ।

गत जेठ १४, ३१ र असार १ गतेको आएको बाढीपहिराले टुटेको सडक दसैँअघि मात्रै सञ्चालन भएको थियो । लामो समय लगाएर निर्माण गरिएको सडक आइतबारदेखि वर्षासँगै आएको बाढीपहिराले पुनः अवरुद्ध भएको हो ।

बाढीपहिराले सदरमुकाम चामेभन्दा तल्लो भागका अस्थायी पुल तथा सडकहरूमा क्षति पुऱ्याएको छ । केही स्थानमा मर्स्याङ्दीमा आएको बाढीले कटानसमेत गरेको छ । बेँसीसहरदेखिमनाङकोसदरमुकामसम्मको ६५ किलोमिटरमध्ये लमजुङतर्फ उक्त खण्डको म्यार्दीसम्म ३५ किलोमिटरमा पनि सडकमा क्षति पुगेको छ । उक्त सडक खण्डको केही भागमा बाढीपहिराले सवार ीसाधन चल्न सक्ने अवस्थामा रहेको छैन । म्यार्दीदेखि मनाङ सदरमुकाम चामेसम्मको विभिन्न स्थानमा बाढीपहिराले सडक र अस्थायी पुल बगाएकाले सवारीसाधन सञ्चालन हुन नसकेको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार चामे गाउँपालिकाको कोतो नजिकैको भिर, थान्चोक र तिमाङबीचको ठाउँमा पहिरा खसेको छ । "स्याक्र्यु खोलाको अस्थायी काठे पुलमा ठूलो मुढा अड्किएको छ । तिमाङखोलाको अस्थायी काठेपुलको केही भाग बगाएको छ", प्रजिअ आचार्यले भन्नुभयो । नासों गाउँपालिकाको दानक्युको अस्थायी काठे पुलमा बाढीपहिराले क्षति पुऱ्याएको उहाँले बताउनुभयो । यसैगरी बगरछाप, एक्लेभट्टी, खोत्रो, निगालाघारीमा ठाडोखोलाले सडकमा क्षति पुऱ्याउनाका साथै सडक बगाएको उहाँको भनाइ छ । उक्त सडकअन्तर्गत माथिल्लो मनाङ जाने सडक तलेखुको माथिल्लो क्षेत्रमा मर्स्याङ्दी नदीले कटान गरी सडकमा क्षति पुऱ्याएको उहाँले बताउनुभयो । भ्राताङदेखि तल र तलेखुदेखि माथिको भागमा मर्स्याङ्दीले कटान गर्नाका साथै डुबानमा परेको प्रजिअ आचार्यले बताउनुभयो । "मर्स्याङ्दीमा आएको बाढीले तल्लो मनाङस्थित चामेभन्दा तल्लो भागको धारापानी, तालगाउँलगायत ठाउँमा बसोबास गर्दै आएका मनाङवासीलाई सुरक्षित स्थानमा बस्न अनुरोध गरेका छौँ", उहाँले भन्नुभयो, "सडक भत्किएर मर्मत गरेर सवारी सञ्चालन गराउँला तर मानवीय क्षति हुनु अगावै सुरक्षित गराउन हाम्रो कर्तव्य हो । सोही अनुरुप बाढी पसेको क्षेत्रमा नबस्न आग्रह गर्दछु ।" मनाङको मेरुदण्डका रूपमा रहेको बेँसीसहर-चामे सडकको १२ देखि १५ स्थानमा बाढीपहिराले क्षति पुऱ्याएको उहाँले बताउनुभयो । "मनाङको करिब २५ किलोमिटर अनुगमन गरेका छौँ । सडक पूर्ण रूपमा क्षतविक्षत छ", उहाँले भन्नुभयो । जेठ असारमा बगाएको सडक मर्मत गरिएकामा फेरि बगाएको छ । डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालय लमजुङका प्रमुख इन्जिनियर अच्युत विलास पन्तले फूलपातीदेखि सञ्चालन भएको सडक एकादशीको दिनदेखि लगातार परेको वर्षापछि आएको बाढीपहिराले सडक अवरुद्ध भएको बताउनुभयो । लमजुङ खण्डको अर्खलबेँसी, च्याम्चेलगायत क्षेत्रमा बाढीपहिराले सडकमा क्षति पुऱ्याए पनि अवरुद्ध भने नरहेको उहाँले बताउनुभयो । मनाङ खण्डमा भने सवारी पूर्णरूपमा अवरुद्ध भएको उहाँले जानकारी दिनुभयो । "वर्षा रोकिएपछि सडक मर्मत थाल्नेछौँ", उहाँले भन्नुभयो ।

प्रजिअ आचार्यले वर्षा रोकिएपछि एकै दिन सडक मर्मत सक्ने गरी योजना बनाएर अगाडि काम गरिने बताउनुभयो । भ्राताङदेखि तिमाङसम्म एउटा डोजर, दानाक्यु-बगरछाप क्षेत्रमा एउटा डोजर र धारापानी-ताल क्षेत्रमा एउटा डोजर लगाएर सडक मर्मत गरी सञ्चालन गर्ने तयारीमा रहेको उहाँले बताउनुभयो । मनाङको मेरुदण्ड मानिने सडक निर्माणका लागि हामीले सेना-प्रहरी-सशस्त्र प्रहरीसमेत परिचालन गर्छौं," आचार्यले भन्नुभयो । मनाङमा पर्यटक भित्रिने समय भए पनि सडक अवरुद्ध हुँदा समस्या सिर्जना भएको उहाँले बताउनुभयो ।

भारी वर्षासँगै मनाङका विभिन्न स्थानमा बाढीपहिराको जोखिम बढ्दै गएकाले जिल्लामा आएर बस्दै आउनुभएका पर्यटकहरूलाई जहाँ बस्नुभएको छ । सोही स्थानमा सुरक्षित भएर बस्न समेत उहाँले आग्रह गर्नुभएको छ । "बेँसीसहर-चामे सडक खण्डअन्तर्गत वर्षापछि जोखिम बढेकाले सचेत हुनसमेत जिल्लावासीलगायत पर्यटकहरूमा अनुरोध गर्दछु," प्रजिअ आचार्यले भन्नुभयो । बनेको सडक क्षतविक्षत भएपछि मनाङमा उत्पादित स्याउ बजारसम्म पुऱ्याउन समस्या भएको छ । सडक सञ्चालन भएसँगै खुसी भएका मनाङका स्याउ कृषकहरू फेरि सडक अवरुद्ध हुँदा बजारमा स्याउ पुऱ्याउन नपाउने हो कि भन्ने चिन्तामा पुगेका छन् ।

# बाढीबाट ३०० परिवार बिचल्लीमा

रासस

राजविराज, ३ कार्तिक

मोहुली नदीको बाँध भत्किँदा सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका-३ पोर्ताहामा करिब ३०० परिवार बिचल्लीमा परेका छन् ।

अविरल वर्षासँगै आएको बाढीका कारण नदीको बाँध भत्किँदा त्यो बस्तीमा पानी पसेपछि उनीहरू बिच्चलीमा परेका हुन् । स्थानीयवासी महान्नद यादवले वर्षेनि यस्तो समस्या खेप्दै आएका बेला नदी किनारमै रहेका दलित समुदायका बासिन्दालाई कष्टकर अवस्था खेप्नुपर्ने बाध्यता रहेको बताउनुभयो । राति अचानक ती बस्तीमा बाढी पस्दा साँझमा खाना पकाउनसमेत उनीहरू सकिएको छैनन् र अहिलेसम्म पनि भोकै रहेको पीडितले बताएका छन् । सोही वडाअन्तर्गत रहेको डोम बस्तीमासमेत छिरेको बाढीले करिब २० घर डोम परिवारलाई उठिबास बनाएको छ । डोम बस्तीअन्तर्गत चन्द्र मरिक, उपेन्द्र मरिक, सभापेत मरिक, सञ्जिव मरिक सुरेन्द्र मरिक, विरेन मरिकलगायत २० घर डोम परिवारलाई रूवावासी भएको छ । दुई दिनदेखि भोकै बस्न बाध्य बनेका उनीहरूलाई कतैबाट सहयोग मिल्न नसकिएको बताइएको छ । बाढी प्रभावित बस्तीमा जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रमुख जनार्दन गौतमसहितका टोलीले निरीक्षण गरेको छ ।

# ब्याजदर वृद्धिमा राष्ट्र बैंकको अङ्कुश

रासस

काठमाडौं, ३ कार्तिक

बैंक तथा वित्तीय संस्थाले आफूखुसी ब्याजदर बढाउन थालेपछि यसलाई नियन्त्रण गर्न राष्ट्र बैंकले निर्देशन जारी गरेको छ । वाणिज्य बैंकहरूले निक्षेपमा अधिकतम ११ दशमलव ६७ प्रतिशतसम्म ब्याज दिने घोषणा गरेसँगै राष्ट्र बैंकले ब्याजदर असाधारणरुपमा बढ्न नदिन निर्देशन जारी गरेको हो ।

केन्द्रीय बैंकले मङ्गलबार जारी गरेको निर्देशनानुशार बैंक तथा वित्तीय संस्थाले जुनसुकै निक्षेपमा प्रदान गर्ने ब्याजदर निर्धारण तथा प्रकाशन गर्दा अघिल्लो महिना प्रकाशित ब्याजदरमा बढीमा १० प्रतिशतका दरले मात्र परिवर्तन गर्न सक्नेछन् । त्यस्तै संस्थागत मुद्दति निक्षेप (बोलकबोलसमेत)मा प्रदान गरिने अधिकतम ब्याजदर सर्वसाधारणलाई मुद्दति निक्षेपमा दिने अधिकतम ब्याजदरभन्दा कम्तीमा एक प्रतिशत बिन्दुले कम हुनुपर्ने निर्देशनमा उल्लेख छ । राष्ट्र बैंकले कात्तिक महिनाका लागि सार्वजनिक भएका ब्याजदरसमेत उल्लेखित व्यवस्थाबमोजिम नभएको भए संशोधन गरी कात्तिक ३ गतेभित्र आफ्नो बेवसाइटमार्फत सार्वजनिक गरी लागू गर्न र ५ गतेभित्र दैनिक पत्रिकामा समेत प्रकाशित गर्न निर्देशन दिएको छ ।

राष्ट्र बैंकको निर्देशनअनुसार अब बैंकले गत असोज महिनाको ब्याजदरका तुलनामा बढीमा १० प्रतिशतले वृद्धि गरी यही कात्तिकको लागि नयाँ ब्याजदर निर्धारण गर्न सक्नेछन् । असोज महिनाका लागि सनराइज् बैंकले निक्षेपमा अधिकतम १० दशमलव शून्य सात प्रतिशत ब्याज दिएको थियो । राष्ट्र बैंकको निर्देशनअनुसार अब सनराइज् बैंकले मुद्दति निक्षेपमा कात्तिक महिनामा अधिकतम ११ दशमलव शून्य शून्य सात प्रतिशतसम्म ब्याज दिन सक्नेछ ।

तरलता अभावले लगानीयोग्य रकममा समस्या आएको जनाउँदै धेरै बैंक वित्तीय संस्थाले चालु आर्थिक वर्षको पहिलो त्रैमासिकको पहिलो दिननै दोहोरो अङ्कले ब्याज बढाएका थिए ।

# काठमाडौँ-विराटनगर गन्तव्यको उडान अवरुद्ध

रासस

काठमाडौं, ३ कार्तिक

लगातारको वर्षापछि आएको बाढीका कारण पूर्वाञ्चलको क्षेत्रीय हब विराटनगर विमानस्थल डुबानमा परेको छ ।

विमानस्थल जलमग्न भएपछि सम्पूर्ण उडान प्रभावित भएको छ । काठमाडौँ-विराटनगर उडान प्रभावित भएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले जनाएको छ । विमानस्थल अवरुद्ध भएपछि बुद्ध एयर र यती एअरलाइन्सले काठमाडौँ-विराटनगरका सबै उडान रद्द गरेका छन् । उडान रद्द हुँदा सयौँ यात्रु समस्यामा परेका छन् । आन्तरिक उडानका दुवै ठूला एयरलाइन्सले सूचना निकालेर काठमाडौँदेखि विराटनगर गन्तव्यका सबै उडान रद्द गरिएको जानकारी गराएका हुन् । यो गन्तव्यमा बुद्ध एयरको दैनिक ११ देखि १३ उडान हुन्थ्यो । विराटनगरको साटो भद्रपुरमा उडान थप्ने क्रममा छौँ । भद्रपुर विमानस्थबाट यात्रुले आवतजावत गर्नसक्नेछ ।

# दुई करोड साठी लाख सहयोग भित्रियो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ३ कार्तिक**

प्रवासी म्याग्देलीबाट सामाजिक कार्यका लागि रु दुई करोड ६० लाखभन्दा बढी सहयोग भित्रिएको छ।

रोजगार, व्यापार, व्यवसाय र अध्ययनको सिलसिलामा विदेशिएकाले म्याग्दी प्रवासी नेपाली सङ्घ (मोना) मार्फत पछिल्लो दुई वर्षका अवधिमा सो सहयोग जन्मथलोमा भित्र्याएका हुन् । मोनाको मङ्गलबारदेखि बेनीमा सुरु भएको चौथो महाधिवेशनमा अध्यक्ष ओमनारायण जुग्जालीले सन् २०१९ देखि २०२१ को हालसम्म रु दुई करोड ६० लाखभन्दा बढी नगद तथा जिन्सी सहयोग भित्रिएको जानकारी दिनुभयो।

“२८ देशमा पुगेका जिल्लावासीले पहिरोपीडितको घर पुनःनिर्माण, कोरोना महामारी नियन्त्रणका लागि स्वास्थ्य सामग्री र उपकरण खरिद गरेर उपलब्ध गराएका छौँ”, उहाँले भन्नुभयो, “प्रवासमा समस्यामा परेका म्याग्देलीको उद्धारका साथै आपत्कालीन कोष स्थापना गरेका छौँ।” मोनाले रु दुई करोड जुटाएर विसं २०७७ को बर्खामा पहिरोले भत्काएका ४० घर पुनःनिर्माण गरेर गत असारमा सम्बन्धित पालिकामार्फत पीडितलाई हस्तान्तरण गरेको थियो । धौलागिरिमा १४, मालिकामा १०, अन्नपूर्ण, मङ्गला, रघुगङ्गा गाउँपालिका र बेनी नगरपालिकामा चार/चार तीनकोठे, शौचालय र खानेपानी सुविधासहितको घर बनाइदिएका हुन्।

तत्कालीन अवस्थामा पहिरो प्रभावितलाई २० बोरा चामल, १५०/१५० थान पाल र कम्बल वितरण गरेको थियो । रु बीस लाख २९ हजार ५११ जुटाएर मालिका गाउँपालिका-६ दिच्यामका राजकुमार निउरेलाई साउदीको जेलमुक्त बनाई जहाज भाडाको समेत व्यवस्था गरी घर पठाएको मोनाले विदेशमा समस्यामा परेका म्याग्देलीलाई सघाउन स्थापना गरेको ‘आपत्कालीन राहत कोष’ मा हालसम्म रु १६ लाख ६६ हजार २०८ सङ्कलन भएको महासचिव विक्रम कार्कीले जानकारी दिनुभयो । कतारमा निधन भएका मालिका-२ रुमका निरप्रसाद कामी, मङ्गल दर्जी र नेदरल्याण्डमा दिवङ्गत भएकी लक्ष्मी भट्टचनका परिवारलाई रु पचास/पचास हजारका दरले सहयोग गरेको छ। दक्षिण कोरियामा ज्यान गुमाएका तीन म्याग्देलीको दाहसंस्कारका लागि रु पचास हजार र साउदीमा रोजगारी गुमाएर समस्यामा परेका पूर्णचन्द्र जुग्जालीलाई रु ५६ हजार ३०४ सहयोग गरेको छ।

महामारी नियन्त्रणका लागि स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र पत्रकारका लागि ७० थान थर्मल गन र एक हजार थान केएफ ९४ मास्क वितरण गरेको मोनाले रु १४ लाख ७९ हजार २७० जुटाएर कोरोना सङ्क्रमितको उपचारमा प्रयोग हुने २२ थान अक्सिजन कन्टनट्रेटर उपलब्ध गराएको थियो । हिंसा प्रभावित महिला तथा बालबालिकालाई सघाउन रु एक करोडको अक्षयकोष स्थापना गरेको मोनाको अघिल्लो कार्यसमितिले बेनी नगरपालिका र म्याग्दी उद्योग वाणिज्य सङ्घको लागत साझेदारीमा रु ८० लाख लगानीमा बेनीदेखि पर्यटकीयस्थल लभ्लीहिल जोड्ने पदमार्ग बनाएका र ४० वटा शैक्षिक संस्थामा विद्युतीय पुस्तकालय स्थापना गरेका थिए।

जिल्लाका पर्यटकीयस्थलमा होटल, जलविद्युत् आयोजना, फलफूल र जडीबुटी खेती तथा पशुपालन व्यवसायमा प्रवासीको लगानी भित्र्याउन ‘मोना इन्भेष्टमेन्ट कम्पनी’ स्थापना गर्ने तयारी भएको मोनाका उपाध्यक्ष मिम पुर्जाले जानकारीदिनुभयो । प्रवासी म्याग्देलीको अगुवाइमा मालिका गाउँपालिकामा २५ मेगावाट क्षमताको दरवाङ म्याग्दीखोला जलविद्युत् आयोजना निर्माणाधीन छ । रघुगङ्गा गाउँपालिकाको चिमखोलामा पाँच मेगावाट क्षमताको मोना बगरखोला जलविद्युत् आयोजनाको विद्युत् खरिद बिक्री सम्झौताको प्रक्रियामा छ।



ताल बाराही मन्दिरमा भक्तजन : बिजया दशमीको अन्तिम दिन बुधबार कोजाग्रत पूर्णिमाको अवसरमा पोखराको ताल बाराही मन्दिरमा दर्शनका लागि भक्तजनको भिड । तस्वीर : राधिका कँडेल, रासस

# वर्षाका कारण आठ सडक अवरुद्ध

**रासस**
**काठमाडौं, ३ कार्तिक**

केही दिनदेखिको अविरल वर्षाका कारण देशरभका आठ सडक अवरुद्ध भएका छन्। पुष्पलाल राजमार्ग, डुम्रे-बैंसीसहर-चामे सडक, राप्ती राजमार्गलगायतका राजमार्गमा बाढी र पहिराका कारण यातायात ठप्प भएको हो।

पुष्पलाल राजमार्गअन्तर्गत ओखलढुङ्गाको हिलेपानी-जयरामघाट हलेसीखण्ड र सिन्धुली जिल्लाको खुर्कोट-घुर्मी खण्डको अक्करे भिर तथा सोखुखोलामा सडक अवरुद्ध छ। डुम्रे-बैंसीसहर-चामे सडक मनाङ जिल्लाको विभिन्न खण्डमा अवरुद्ध छ। सो सडक अहिले निगालाघारी, खोत्रो र दानाक्युमा अवरुद्ध रहेको छ।

बझाङमा खोड्पे-चैनपुर सडक जालिबगर र नारुघाटमा र धनगढी-सहजपुर-वुडर सडक र सतबाँझ-थाकतोली-दार्चुला-तिङ्कर सडक पनि मङ्गलबारदेखि नै अवरुद्ध छ। कालिकोट जिल्लामा सुर्खेत तल्लो डुङगेश्वर-सातखम्बा-दुल्लु-पिपलकोट-खुलालु-मान्मा-नाग्मा-जुम्ला सडक विभिन्न चेनेजमा अवरुद्ध रहेको सडक विभागले जनाएको छ।

यो महिनाको सुरुदेखि भइरहेको वर्षाका कारण जम्मा १२ सडक अवरुद्ध भएकामा अहिले चार सडक खुलाइसकिएको विभागले जनाएको छ । कोसी राजमार्गअन्तर्गत धनुकटामा लेती खोलामा ४० मिटर सडक कटान भएकामा एकातर्फबाट खुलाइएको छ । राप्ती राजमार्गअन्तर्गत सल्यानमा अरिङ्गलेफेदीमा अवरुद्ध भएकामा एकातर्फबाट चालु भएको छ । सल्यानको कपुरकोट गाउँपालिकाले पहिरो सफा गरेपछि एकातर्फबाट चल्न थालेको हो। विपी राजमार्गअन्तर्गत सिन्धुलीको कमेरे फाँटमा पनि मङगलबार सडक अवरुद्ध भएको थियो । सडक थप खुलाउने काम भइरहेको छ।

वर्षाकै कारण अवरुद्ध भएको भालुवाङ-लिवाङ रोल्पा माडीचौर दारबोट सडक प्युठानको गनाहा चकचके खण्डमा अवरुद्ध भएकामा अहिले चालु भइसकेको छ । यो वर्ष जेठबाट नै वर्षा सुरु भएर राष्ट्रिय राजमार्ग विभिन्न खण्डमा अवरुद्ध भइरहेका छन् । वर्षा सुरु भएपछि २३८ सडक अवरुद्ध भएकामा आठ हाल अवरुद्ध छन् भने बाँकी सञ्चाचलनमा छन् । आजसम्ममा १३४ आशिंकरूपमा र ९६ दुवैतर्फ चालु रहेको विभागले जनाएको छ।

# थानीमाई मन्दिरमा १८ फूलको डोली

**पोखरापत्र संवाददाता**
**दमौली, ३ कार्तिक**

तनहुँको भानु नगरपालिका-७ स्थित थानीमाई मन्दिरमा १८ फूलको डोली भित्र्याइएको छ । प्रत्येक वर्ष कात्तिक महिनाको मङ्गलबार थानीमाई मन्दिरमा देशका विभिन्न ठाउँबाट आएका भक्तजनले फूलको डोली चढाउने गर्दछन्।

सोही क्रममा कात्तिकको पहिलो मङ्गलबार १८ फूलको डोली भित्रिएको थानीमाई मन्दिर संरक्षण समितिका अध्यक्ष जीवन थापामगरले बताउनुभयो । उहाँका अनुसार मङ्गलबार दुई हजारभन्दा बढी भक्तजनले मन्दिर दर्शन गरेका छन् । “सोमबार राति ५५ जना भक्तजनले रातभर जागाराम बसेर बत्ती बाल्नुभएको छ”, उहाँले भन्नुभयो । कात्तिकको प्रत्येक मङ्गलबार मन्दिरमा फूलको डोली चढाउन सर्वसाधारणको भीड लाग्ने गर्दछ । मन्दिरमा फूलको डोली चढाउनाले मनको इच्छा पूरा हुने धार्मिक विश्वास रहिआएको थापाले बताउनुभयो । सोमबार सत्यनारायणको पूजा गरी फूलको डोली तयार गर्ने र थानीमाई मन्दिरमा फूलको डोली चढाउने परम्परा रहँदै आएको छ। थानीमाई मन्दिरमा कात्तिकसँगै मङ्सिर र माघ महिनामा समेत भक्तजनको भीड लाग्ने गरेको छ। मन्दिरमा फूलको डोली चढाउन छिमेकी जिल्ला गोरखा, लमजुङ, कास्कीका अलवा चितवन, नवलपरासी र काठमाडौँबाट भक्तजन आउने गरेका छन्। मन्दिरमा साउन महिना, एकादशी र औँशीबाहेकका दिनमा पूजाअर्चना हुँदै आएको छ।

पछिल्ला वर्षहरूमा थानीमाई जाने नयाँ सडकसमेत खुलेका छन् । सडक खुलेपछि भक्तजनको सङ्ख्या बढ्न थालेको थापाले बताउनुभयो । भक्तजन फूलको डोली र पञ्चेबाजासहित थानीमाई मन्दिरको तीनपटक नाचगान गर्दै परिक्रमा गर्दछन्। परिक्रमापछि माथि थुम्कामा रहेको मन्दिर परिसरमा रहेका देवलमा डोलीसँगै लगिएको तोरणलाई तीन फन्का घुमाएर बाँध्ने गरिन्छ । त्यसपछि मन्दिरभित्र प्रवेश गरी आफ्नो मनोकामना भाकल पूरा भएको भन्दै पूजाअर्चना गरिन्छ। बाजागाजा र ध्वजापताकासहित थानीमाईको जयजयकारले वसन्तपुर क्षेत्र गुञ्जिने गरेको छ।

समुन्द्र सतहबाट एक हजार २०० मिटर उचाइमा अवस्थित यहाँबाट गोरखाको लक्ष्मी बजार, लिगलिग कोट, पालुङटार, राइनासकोट लगायत हिमश्रृङ्खलाका दृश्य देख्न सकिन्छ । विसं २०७२ वैशाख १२ गतेको भूकम्पबाट क्षति पुगेको मन्दिरको पुनःनिर्माण सम्पन्न भइसकेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त रु १४ लाख र मन्दिरको भेटीबाट सङ्कलित रु छ लाख गरी रु २० लाखको लागतमा मन्दिरको पुनःनिर्माण गरिएको थियो । विसं १८२५ बाट यस मन्दिरमा पूजाअर्चना सुरु भएको स्थानीय बताउँछन् । विसं १८२५ मा मन्दिर भएको ठाउँमा भोटिनी आमाछोरी हावाहुरी चलेपछि एक रुखमा ओत लाग्दा त्यहाँबाट अर्न्तध्यान भएको किंवदन्ती रहेको र सोही समयदेखि नै उक्त स्थानमा पूजाअर्चना सुरु भएको स्थानीयवासीको भनाइ छ।

# ६६२ संक्रमित, मुस्ताङ र मुगुमा संक्रमित शून्य

**रासस**
**काठमाडौं, ३ कार्तिक**

नेपालमा पछिल्लो २४ घण्टामा ६६२ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा बुधबार आयोजित नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले आठ हजार ४२६ जनामा कोरोना परीक्षण गर्दा ६६२ जनामा सङ्क्रमण पुष्टि भएको जानकारी दिनुभयो । आज थपिएकासँगै देशभर सक्रिय सङ्क्रमित ११ हजार ५७९ रहेका छन् । पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला चार र २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला १५ रहेका छन् । मन्त्रालयका प्रवक्ता डा पौडेलका अनुसार ५०० भन्दा बढी सङ्क्रमण हुने जिल्ला काठमाडौँ, ललितपुर, भक्तपुर र कास्की छन्।

उहाँले सङ्क्रमति शून्य रहेका जिल्ला मुस्ताङ र मुगु रहेका बताउनुभयो। पछिल्लो २४ घण्टामा ७५८ जना सङ्क्रमणमुक्त भएका छन्। यससँगै नेपालमा हालसम्म सात लाख ८४ हजार १५५ सङ्क्रमणमुक्त भएका छन्। यसैगरी मन्त्रालयका प्रवक्ता डा पौडेलका अनुसार आज कोरोना सङ्क्रमणबाट १३ जनाको मृत्यु भएको छ । हालसम्म सङ्क्रमणबाट ११ हजार ३१८ जनाको मृत्यु भएको छ। होम आइसोलेशन १० हजार ७७२, संस्थागत आइसोलेशनमा ८०७ जना, सघन उपचारकक्ष (आइसीयू)मा २७६ र भेन्टिलेटरमा १०४ जना रहेका छन् । बुधबार नौ हजार ८०२ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। अहिलेसम्म ८५ लाख ६८ हजार २६२ पहिलो मात्रा र ६४ लाख ८९ हजार ८२८ पूर्ण मात्राको खोप लगाइसकेका छन्।


## शिक्षक आवश्यकता

आमाघर पाठशाला आधारभुत विद्यालय, पोखरा-२२, पुम्दीभुम्दीका लागि शिक्षक आवश्यकता भएको हुँदा तर्पासलमा उल्लेखित योग्यता पुगेका व्यक्तिहरुबाट यहि मिति २०७८ कार्तिक १० गते कार्यलय समयभित्र दरखास्त आव्हान गरिन्छ।

१. तह : आधारभुत तह २. संख्या : १ (एक)
३. शैक्षिक योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तिर्ण
४. उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
५. विषय : गणित/विज्ञान (न्युनतम २ वर्ष अध्यापन गरेको उमेदवारलाई विशेष मान्यता दिईने छ)
६. तलब/सुविधा : विद्यालयको नियमानुसार
७. परिक्षाको किसिम : लिखित र अन्तर्वार्ता
८. निवेदन शुल्क : ५००/- (पाँच सय मात्र)
९. पेश गर्नुपर्ने कागजातहरु: शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि।
१०. परिक्षा मिति : निवेदनको अन्तिम दिन तोकिने छ।

सम्पर्क
आमाघर पाठशाला आधारभुत विद्यालय
पोखरा-२२, पुम्दीभुम्दी, ०६१-६२१७६३



